स्थानीय सरकार
अपिहिमाल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला,
सुदूरपश्चिमप्रदेश, नेपाल

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

(महिला बालबालिका तथा समाज कल्याण इकाई)

**राष्ट्रपति महिला उत्थान जिवीकोपार्जन सुधार कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना ।**

(सूचना नं.८७, दोस्रो पटक प्रकाशित मिति २०८२/१२/१६

यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तरगत राष्ट्रपति महिला उत्थान जिवीकोपार्जन सुधार कार्यक्रमको लागि विपन्न एवं एकल महिला तथा पिछडिएका समुदायमा जिवीकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रमको लागि दर्ता भएका समूह गैह्रकृषि क्षेत्रमा काम गर्ने गरी कार्यक्रम सञ्चालन राष्ट्रपति महिला उत्थान जिवीकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड,२०७७ को अनुसुची -२ बमोजिमको ढाँचामा तयार पारी तपशिल बमोजिमको विवरणहरु खुलाई सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्तावना पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । रीतपूर्वक पेश नभएका र समयमा पेश हुन नआएका प्रस्ताव उपर कुनै कारबाही हुने छैन ।

२०८२/१२/१६

प्रमुख प्रशासकीय अधिकृत

तपसिल

सञ्चालन गर्ने कार्यक्रमः लागत अनुमान रु. ९,००,०००/-

| क्र.स. | कार्यक्रम | लक्षित समुह | लक्ष्य | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाखापालन तथा तालिम | महिला/ समूह | कम्तिमा २५ जना | ५ दिन | |

प्रस्तावनामा संलग्न गर्नुपर्ने कागजातहरुः

१. संस्थाको विधान, परिचय, उदेश्य, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण ।
२. प्रस्तावित व्यवसायको आवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम, अवधि स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण ।
३. प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
४. अघिल्लो आर्थिक वर्षको करचुक्ताको प्रतिलिपि ।
५. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ।
६. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साँझेदारीको स्रोत सहितको यथार्थ विवरण ।
७. कालो सूचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको र कुनै बेरूजु नरहेको स्वघोषणा ।
८. प्रस्तावना दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सो कार्यान्वयन कार्य योजना सहित प्रस्तावना पेश गर्नु पर्नेछ ।
९. प्रस्तावना राष्ट्रपति महिला उत्थान जिवीकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड,२०७७ र प्रचलित कानून बमोजिम हुनुपर्नेछ ।

वेवसाइटः www.apihimalmun.gov.npईमेलः apihimaldarchula@gmail.com
info@apihimalmun.gov.np

"सुन्दर, समृद्ध र विकसित अपिहिमाल"